**ज्योति विकास बैंक लिमिटेडको**

**मिति २०६६ चैत्र ३१ गते मंगलवार सम्पन्न**

**दोस्रो वार्षिक साधारण सभामा भएका कामकारवाहीको विवरण (माइन्यूट)**

ज्योति विकास बैंक लि.को दोश्रो वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री प्रचारमान सिंह प्रधानको अध्यक्षतामा मिति २०६६।१२।३१ गते (तदनुसार अप्रिल १३, २०१०) मंगलवार विहानको ११:०० बजे देखि दिउसोको २:०० बजे सम्म राष्ट्रिय सभागृह, प्रदशनीमार्ग, काठमाण्डौंमा सम्पन्न भयो ।

साधारण सभामा उपस्थिति, छलफलका बिषयसूची, सूचना प्रकाशन, गणपुरक संख्या, सभाको बैधानिकता, सभाको अध्यक्षता, सभा संचालन तथा प्रतिबेदन प्रस्तुति, छलफलमा सहभागिता, छलफलका क्रममा ब्यक्त गरिएका मन्तब्य, प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय पुस्तिका (माइन्यूट) देहाय बमोजिम रहेको छ :

१. **उपस्थितिः**

(क) **सञ्चालकहरुः**

१) श्री प्रचारमान सिंह प्रधान - अध्यक्ष

२) श्री ध्रुबराज भट्टराई - संचालक

३) श्री विनोद कुमार ढकाल - संचालक

४) श्री छत्र मान श्रेष्ठ - संचालक

५) श्री राम कुमार श्रेष्ठ - संचालक

६) श्री हरि प्रसाद आचार्य - संचालक

(ख) **पदाधिकारीहरुः**

| | | |
|---|---|---|
| १) | श्री झलक प्रसाद खनाल | प्रमुख कार्यकारी अधिकृत |
| २) | श्री हेमराज रानाभाट | नायब महाप्रबन्धक |
| ३) | श्री सुजन सुवेदी | सहायक महाप्रवन्धक |
| ४) | श्री मदन कुमार महत | कम्पनी सचिव/प्रवन्धक |

(ग) **आमन्त्रित प्रतिनिधीहरुः**

| | | |
|---|---|---|
| १) | श्री राजमणि दाहाल | प्रतिनिधि- कम्पनी रजिष्ट्रारको कार्यालय |
| २) | श्री अनुज कुमार रिमाल | प्रतिनिधि- नेपाल धितोपत्र बोर्ड |

(घ) **शेयरधनीहरु:**

१) उपस्थित शेयरधनीहरुको संख्या

| | | | | | |
|---|---|---|---|---|---|
| (क) | शेयरधनी स्वयंबाट | २७९ | जना | १६,०९,४९० | कित्ता |
| (ख) | प्रतिनिधि (प्रोक्सी) बाट | १९१ | जना | ९,०१,०१५ | कित्ता |

२) शेयरको प्रतिनिधित्व संख्या २५,१०,५०५ कित्ता

३) शेयर संख्याको प्रतिनिधित्व प्रतिशत ५६.०४ प्रतिशत

(ङ) यस सभाको मितिसम्ममा कायम रहेका १६४९ जना संस्थापक शेयरधनीहरु सभामा सहभागि हुन र मतदान गर्न योग्य थिए ।

## २. छलफलका विषयहरु:

(क) **सामान्य प्रस्ताव:**

(१) सञ्चालक समितिको आ.व.२०६५/०६६ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०६६ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६५/०६६ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

(३) आर्थिक बर्ष २०६६/०६७ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । .
(आ.व.०६५/०६६ का लेखा परिक्षक टि. पनेरु एण्ड कं. का चार्टर्ड एकाउन्टेन्ट टंक प्रसाद पनेरु पून: नियुक्त हुन योग्य हुनु हुन्छ)

(ख) **विशेष प्रस्ताव:**

(१) विकास बैंकको चुक्ता पूँजी वृद्धि गरी रु. ७४ करोड पुर्‍याउने ।

(२) विकास बैंकको संस्थापक र सर्वसाधारण शेयरधनीहरुको शेयर स्वामित्व अनुपात ६०.५४ प्रतिशत र ३९.४६ प्रतिशत कायम गर्ने ।

३) विकास बैंकको प्रवन्ध पत्र तथा नियमावलीमा आवश्यक परिमार्जन/संशोधन गर्ने ।

(ग) **विविध ।**

## ३. सूचना प्रकाशन:

सञ्चालक समितिको मिति २०६६ साल चैत्र महिना ९ गते सोमबार (तद्नुसार २२ मार्च, २०१०) मा बसेको ४९ औं बैठकको निर्णयानुसार तथा कम्पनी ऐनमा भएको ब्यवस्था बमोजिम यस ज्योति विकास बैंकको दोश्रो वार्षिक साधारण सभा मिति २०६६ चैत्र ३१ (१३ अप्रिल २०१०) मा वस्ने सूचना तथा बार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुको घर ठेगानामा पठाइएको तथा मिति २०६६

चैत्र १० गते र २०६६ चैत्र ११ गते क्रमशः नागरिक राष्ट्रिय दैनिक र कान्तिपूर राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको थियो । साथै बैंकको Web Site (www.jbbl.com.np) मा साधारण सभा सम्बन्धी विवरणहरु राखिएको थियो ।

४. **गणपुरक संख्याः**

| विवरण | कुल संख्या | स्वयं उपस्थित | प्रतिनिधी मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | १,६४१ | २८० | १९१ | ४७१ | २८.६०% |
| शेयर संख्या | ४४,८०,००० | १६,०९,४९० | ९,०१,०१५ | २५,१०,५०५ | ५६.०४% |

५. सभाको बैधानिकता तथा अध्यक्षताः

कम्पनी सचिव/प्रवन्धक मदन कुमार महतले उपस्थित शेयरधनी महानुभावहरुलाई विकास बैंकको तर्फबाट स्वागत तथा नँया वर्ष २०६७ को उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै कम्पनी ऐन, २०६३ को दफा ७३ तथा विकास बैंकको नियमावलीको नियम २३ बमोजिम शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या पर्याप्त रहेको ब्यहोरा सभालाई अवगत गराउनु भयो र वैधानिक प्रकृया पुरा भएकोले सभाको सभापतित्व ग्रहण गर्न संचालक समितिका अध्यक्ष श्री प्रचारमान सिंह प्रधानज्यूलाई अनुरोध गर्नु भयो र अध्यक्षज्यूले सभाको सभापतित्व ग्रहण गर्नुभयो ।

सभापतिको अनुमति लिएर कम्पनी सचिवले विकास बैंकको वर्तमान संचालक समितिका सदस्यहरु तथा प्रमुख कार्यकारी अधिकृतज्यू लगायतका आमन्त्रित प्रतिनिधी, पदाधिकारीहरुलाई आसन ग्रहणको लागि अनुरोध गर्नु भयो ।

६. सभा संचालन तथा प्रतिवेदन प्रस्तुतिः

कम्पनी सचिवले सभामा उपस्थित सम्पूर्णलाई स्वागत मन्तव्यका लागि प्रमुख कार्यकारी अधिकृत श्री झलक प्रसाद खनाललाई आमन्त्रण गर्नु भयो । प्रमुख कार्यकारी अधिकृतले २०६७ सालको शुभकामनाका साथ विकास बैंकको गतिविधिका वारेमा प्रकाश पार्नु हुँदै, आदरणीय शेयरधनी महानुभावहरुबाट प्राप्त हुने सल्लाह सुझावलाई सदैव मार्ग दर्शनको रुपमा अंगिकार गर्न प्रतिवद्ध भएको व्यहोरा अवगत गराउँदै उपस्थित सवैलाई स्वागत गर्नु भयो । तत्पश्चात कम्पनी सचिवले सभाको शुरुवात गर्न सभाका सभाध्यक्षज्यूलाई अनुरोध गर्नु भयो । सभाध्यक्षज्यूले सर्वप्रथम सम्पूर्ण शेयरधनी महानुभावहरुलाई ज्योति विकास बैंक लि. को दोश्रो वार्षिक साधारण सभामा हार्दिक स्वागत गर्दै संघारमै रहेको नव वर्ष २०६७ को शुभकामना व्यक्त गर्नु भयो । ज्योति विकास बैंकको दोश्रो वार्षिक साधारण सभामा वार्षिक प्रतिवेदन पेश गर्न पाउँदा हर्ष व्यक्त गर्दै विकास बैंकको

संचालन पछिको १ वर्ष ९ महिनामा यसले गरेको प्रगति शेयरधनीहरुको सामुन्ने प्रस्तुत गर्न पाउँदा हामी सवै संचालकहरु, बैंक व्यवस्थापन, तथा कर्मचारीहरु निकै उत्साहित भएको जानकारी गराउनु भयो । आउँदा वर्षहरुमा बैंकको उत्तरोत्तर प्रगति गर्न अथक परिश्रम गर्नुपर्ने बताउनु हुँदै संचालक समितिको तर्फबाट आ.ब. २०६५/२०६६ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो ।

सभाध्यक्षज्यूले सभा समक्ष सञ्चालक समितिको प्रतिवेदन सहितको बैंकको आ.ब. २०६५/२०६६ को लेखा परिक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण छलफलका लागि प्रस्तुत गर्नु भई सो उपरको छलफलमा भाग लिन तथा यस बैंकको कारोवार सम्वन्धी विविध पक्षहरुमा आफ्नो विचार, मन्तब्य तथा जिज्ञासाहरु व्यक्त गर्नको लागि शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो । साथै संचालक समितिको तर्फबाट प्रस्तुत उक्त प्रतिवेदनलाई छलफल गरि अनुमोदनका लागि सभा समक्ष अनुरोध गर्नु भयो ।

७. <u>छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु</u> :

छलफलमा भाग लिँदै निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो राय, जिज्ञाशा र सुझावहरु ब्यक्त गर्नु भयो ।

१) कुल प्रसाद पराजुली

- राष्ट्र कविको कविता वाचन गर्दै उपस्थित सवैलाई नँया वर्ष २०६७ को नौलाख शुभकामना व्यक्त गर्नु भयो ।
- विद्युतकर्मी साथीहरुको सिर्जनशिलताको कारणले ज्योति विकास बैंकको स्थापना भई मन्चमा आसिन टिमले यहाँसम्मको गतिमा ल्याएकोमा धन्यवाद नदिई रहन सकिदैन ।
- २०६६ साल चैत्र ६ गते बैंकको ATM नचलेकोले रकम झिक्न नसकेको गुनासो गर्दै, यदि विग्रेको अवस्था हो भने सूचना टाँस्ने व्यवस्था गर्दै, सुधार गर्न सुझाव दिन्छु ।
- साधारण सभाको मिति र समय राम्रो भएन, त्रैयमासको अन्तिम दिन कर्मचारीहरुलाई अफिस हाजिर हुनै पर्ने समय भएकोले आगामी वर्ष मिति, समय निर्धारण गर्दा सकभर विदा पर्ने समय पार्नु राम्रो होला ।
- लेखा परिक्षण समितिको सदस्य सचिव बैंकको कर्मचारी भएकोले बैठक भत्ता नदिएको कारणले कर्मचारीको मनोभावमा परिवर्तन आई काममा जागरुकता नआउन सक्छ, त्यसैले भत्ता दिनु उचित लाग्दछ ।
- कर्मचारीहरुको सद्भावपूर्ण व्यवहार भएको र उत्प्रेरित ढंगबाट कार्य सम्पादन गरेको पाएको छु ।
- बैंकलाई सुव्यवस्थित ढंगले संचालन गरि आजको स्थितीमा ल्याउन भूमिका खेल्नु हुने बैंकका प्रमुख कार्यकारी अधिकृत झलक प्रसाद खनाल धन्यवादको पात्र हुनुहुन्छ ।

२) ध्रुव कुमार उप्रेती

- उपस्थित सवैलाई नँया वर्ष २०६७ को मंगलमय शुभकामना व्यक्त गर्दछु ।
- हिजो जस्तो लाग्छ राष्ट्र बैंकमा दर्ता गर्न दौडादौड गरेको तर आज यति छोटो अवधिमा नै १ करोड २८ लाख ४३ हजार ९ सय ८२ रुपैयाँ खुद नाफा कमाउन र १० वटा शाखा संचालन गर्न सफल भएकोमा बैंक संचालक समिति तथा व्यवस्थापन समुह धन्यवादको पात्र हुनुहुन्छ ।

- ज्योति विकास बैंकले Technical Team को गठन गरेर बैंकिङ्ग र अन्य लगानी कर्ताहरुलाई जलविद्युत तथा पूर्वाधार विकासमा लगानी गर्न उक्त Team ले प्राविधिक सहयोग उपलब्ध गराउने छ ।
- जलविद्युत उत्पादन गर्ने लाईसेन्स् लिएर उचित प्राविधिक राय सल्लाह नपाई रहेका समुहलाई तथा हातमा सिप भएका तर काम नपाई रहेका प्राविधिकहरुलाई Technical Team को सहयोगबाट उचित प्रतिफल मिल्न सक्ने कुरामा दुईमत छैन भन्नु भयो ।
- Technical Team ले बैंकलाई कुनै पनि आर्थिक व्ययभार थोपर्दैन बरु आफ्नो प्राविधिक सेवाबाट आर्जन गर्ने रकमबाट बैंकलाई व्यवस्थापन शुल्कको रुपमा आम्दानी गराउँदछ ।
- पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म ज्योति विकास बैंक फैलाउन सकियोस् र आगमी ३ वर्ष भित्र ज्योति कमर्सियल बैंक भएको देख्न पाईयोस् ।

कम्पनी सचिवद्धारा सभालाई लिखित राय, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्ने शेयरधनी नभएको अवगत गराइयो ।

८. <u>शेयरधनी महानुभाबहरुले प्रस्तुत गर्नु भएको राय, जिज्ञासा, मन्तव्य तथा सुझावहरु एवं सभाध्यक्षज्यू स्वयम् र सभाध्यक्षज्यूको अनुमतिले प्रमुख कार्यकारी अधिकृतको जवाफः</u>

* ATM लाई अझै व्यवस्थित वनाइनेछ, चैत्र मसान्त भित्रै साधारण सभा गरि सक्नु पर्ने भएकोले चैत्रको ३१ गते पर्न गएको हो । आगामी वर्ष सकेसम्म सवैलाई उपर्युक्त मिति समय मिलाउन प्रयत्न गर्ने छौं । नेपाल राष्ट्र बैंकको निर्देशन, बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०६३, कम्पनी कानून तथा प्रचलित कानूनको अन्तर्गत रहि कर्मचारीलाई बैठक भत्ता दिन मिल्ने भएसम्म दिने जानकारी गराउनु भयो । अहिले जसरी शेयरधनि महानुभावहरुले बैंकलाई माया सदभाव देखाउनु भएको छ, उक्त माया सद्भाव सधै प्राप्त भइरहोस्, जान अन्जानमा गल्ती कमजोरी भएमा त्यस्ता गल्ती कमजोरी औंल्याई सुधार गर्ने मौका दिनु हुन सभालाई अनुरोध गर्नु भयो ।

९. <u>प्रस्ताव माथि छलफल तथा निर्णयहरुः</u>

(क) <u>सामान्य प्रस्ताव र निर्णयहरु</u> :-

(१) सञ्चालक समितिको आ.व.२०६५/०६६ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

- सभाका अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको सञ्चालक समितिको आ.व.२०६५/०६६ को वार्षिक प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिबाट पारित भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०६६ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६५/०६६ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

- सभाका अध्यक्षज्यूले लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०६५/०६६ को वासलात, नाफा–नोक्सान हिसाव र नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने प्रस्ताव सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

(३) बैंकको लेखापरीक्षण समितिको सिफारिसमा आर्थिक बर्ष २०६६/०६७ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । .

- बैंकको चालु आ.ब. २०६६/०६७ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने सम्वन्धी प्रस्ताव उपर विस्तृत छलफल भै बैंकको लेखापरीक्षण समितिको सिफारिश वमोजिम आ.ब.२०६६/०६७ को हरहिसावको लेखापरीक्षण गर्नको लागि आ.व.०६५/०६६ का लेखा परिक्षक टि. पनेरु एण्ड कं. का चार्टर्ड एकाउन्टेन्ट टंक प्रसाद पनेरुलाई पूनः नियुक्ति गर्ने र निजलाई आ.ब. २०६६/०६७ को लागि लेखापरीक्षण शुल्क रु. ९०,०००/- (अक्षेरुपी नब्बे हजार रुपैया) दिने प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

(ख) <u>विशेष प्रस्ताव र निर्णयहरु :</u>

(१) विकास बैंकको चुक्ता पूँजी वृद्धि गरी रु. ७४ करोड पुर्‍याउने ।

- विकास बैंकको तत्काल चुक्ता पूँजी रु. ७४,००,००,०००।- (अक्षेरुपी चौहत्तर करोड) हुनेछ जसमा संस्थापकहरुको शेयर स्वामित्व ६०.५४ प्रतिशतले हुन आउने रकम रु. ४४,८०,००,०००/- (अक्षेरुपी चवालिस करोड असि लाख) हुनेछ । सर्वसाधारणमा शेयर जारी गरे पश्चात चुक्ता पूँजी रु.७४,००,००,०००/- (अक्षेरुपी चौहत्तर करोड) हुने गरि चुक्ता पूँजी बृद्धि गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो । साथै चुक्ता पूँजी रु.७४,००,००,०००/- (अक्षेरुपी चौहत्तर करोड) पुर्‍याउन रु.२९,२०,००,०००।- शेयर पूँजी रकम बराबरको प्रति साधारण शेयर रु.१००/–अंकित दरको २९,२०,००० (उनान्तीस लाख वीस हजार )

कित्ता शेयर सर्वसाधारणमा सार्वजनिक निष्काशन (I.P.O.) गर्ने सर्वसम्मतीद्वारा निर्णय भयो ।

(२) विकास बैंकको संस्थापक र सर्वसाधारण शेयरधनीहरुको शेयर स्वामित्व अनुपात ६०.५४ प्रतिशत र ३९.४६ प्रतिशत कायम गर्ने ।

- संस्थापक समुहको शेयर स्वामित्व ७० प्रतिशत र सर्वसाधारण समुहको शेयर स्वामित्व ३० प्रतिशत हुने व्यवस्था अनुरुप संस्थापकहरुका लागि हकप्रद शेयर जारी गरिएकोमा संस्थापकहरुबाट प्राप्त हुनु पर्ने कूल रकम रु. ५१.८० करोड मध्ये रु. ४४.८० करोड मात्र चुक्ता भुक्तानी हुन आएकोले संस्थापक र सर्वसाधारण बीचको अनुपातलाई परिवर्तन गरी संस्थापक तर्फ ६०.५४ प्रतिशत र सर्वसाधारण तर्फ ३९.४६ को अनुपात कायम गर्न नेपाल राष्ट्र बैंकको अग्रिम स्विकृत (सैद्धान्तिक सहमति) प्राप्त भए वमोजिम विकास बैंकको संस्थापक र सर्वसाधारण शेयरधनीहरुको शेयर स्वामित्व अनुपात ६०.५४ प्रतिशत र ३९.४६ प्रतिशत कायम गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

३) विकास बैंकको प्रवन्ध पत्र तथा नियमावलीमा आवश्यक परिमार्जन/संशोधन गर्ने ।

- चुक्ता पूँजी वृद्धि गर्ने विशेष प्रस्ताव वमोजिम वृद्धि हुने पूंजी तथा संस्थापक र सर्वसाधारण शेयरधनीहरुको शेयर स्वामित्व अनुपात ६०.५४ प्रतिशत र ३९.४६ प्रतिशत कायम गर्ने विशेष प्रस्ताव समेत समायोजन गरी बैंकको प्रवन्ध-पत्र, नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव माथि विस्तृत छलफल गरी प्रवन्धपत्र र नियमावलीको देहाय वमोजिमका दफाहरु संशोधन गर्ने सर्वसम्मतिले पारित भयो ।

**प्रबन्धपत्रमा गर्नु पर्ने संशोधन**

| सावीक दफा र व्यवस्था | हाल गर्नु पर्ने दफा र संशोधन | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| ६(ग) : विकास बैंकको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. ५१,८०,००,०००।- (अक्षेरुपी | ६(ग) : विकास बैंकको तत्काल चुक्ता पूँजी रु.७४,००,००,०००।- ( अक्षेरुपी रु. चौहत्तर करोड) | संस्थापक शेयरधनीहरु को शेयर स्वामित्व ६०.५४ प्रतिशत र सर्वसाधारणको शेयर |

| | | |
|---|---|---|
| रु. एकाउन्न करोड असि लाख) हुनेछ । | हुनेछ । जसमा संस्थापकहरुको शेयर स्वामित्व ६०.५४ प्रतिशतले हुन आउने रकम रु. ४४,८०,००,०००/- ( चवालिस करोड असि लाख) हुनेछ । सर्वसाधारणमा शेयर जारी गरे पश्चात चुक्ता पूँजी रु. ७४ करोड हुनेछ । | स्वामित्व ३९.४६ प्रतिशत हुने व्यवस्था कायम गर्न नेपाल राष्ट्र बैंकले मिति २०६६/१२/९ मा दिएको निर्देशन अनुसार चुक्ता पूँजी कायम गरिएको । |
| ६(घ) : विकास बैंकले जारी पूँजीको ३० प्रतिशत साधारण शेयर सर्वसाधारणको विक्रिको लागि छुट्याएको छ । | ६(घ) : विकास बैंकले जारी पूँजीको ३९.४६ प्रतिशत साधारण शेयर सर्वसाधारणको विक्रिको लागि छुट्याएको छ । | नेपाल राष्ट्र बैंकको मिति २०६६/१२/९ को निर्देशन अनुसार संस्थापक र सर्वसाधारण शेयरधनीको शेयर स्वामित्वमा परिर्वतन गर्न आवश्यक भएकोले । |
| ६(ङ) : संस्थापक शेयरधनीहरुलाई समुह "क" मा वर्गिकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व ७० प्रतिशत हुनेछ । | ६(ङ) : संस्थापक शेयरधनीहरुलाई समुह "क" मा वर्गिकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व ६०.५४ प्रतिशत हुनेछ । | नेपाल राष्ट्र बैंकको मिति २०६६/१२/९को निर्देशन अनुसार संस्थापक र सर्वसाधारण शेयरधनीको शेयर स्वामित्वमा परिवर्तन गर्न आवश्यक भएकोले । |
| ६(च) : सर्वसाधारणमा विक्रि गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समुह "ख" मा वर्गिकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व ३० प्रतिशत हुनेछ । यस समुहको कुल शेयर मध्येबाट बढीमा ५ प्रतिशत सम्म शेयर बैंक/वित्तीय संस्थाका कर्मचारीलाई छुट्याई समितिको निर्णय वमोजिम बिक्रि वितरण गर्न सकिनेछ । | ६(च) : सर्वसाधारणमा विक्रि गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समुह "ख" मा वर्गिकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व ३९.४६ प्रतिशत हुनेछ । यस समुहको कुल शेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर बैंक/वित्तीय संस्थाका कर्मचारीलाई छुट्याई समितिको निर्णय वमोजिम बिक्रि वितरण गर्न सकिनेछ । | नेपाल राष्ट्र बैंकको मिति २०६६/१२/९को निर्देशन अनुसार संस्थापक र सर्वसाधारण शेयरधनीको शेयर स्वामित्वमा परिवर्तन गर्नु आवश्यक भएकोले । |

**नियमावलीमा संशोधन प्रस्ताव**

| **साविक दफा र व्यवस्था** | **हाल गर्नु पर्ने संशोधन र दफा** | **संशोधन गर्नु पर्ने कारण** |
|---|---|---|
| २७(२) : यस विकास बैंकमा ९ जनाको संचालक समिति हुनेछ, जसमा (क) समुहमा रहेका संस्थापक समुहबाट मनोनित /निर्वाचित ६ जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित २ | २७(२) : यस विकास बैंकमा ९ जनाको संचालक समिति हुनेछ, जसमा (क) समुहमा रहेका संस्थापक समुहबाट मनोनित/निर्वाचित ५ जना, सर्वसाधारण शेयरधनीहरुबाट | नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार संस्थापक र सर्वसाधारण विच शेयर स्वामित्वमा भएको परिवर्तनको कारणले । |

| | | |
|---|---|---|
| जना र १ जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक हुनेछन् । | निर्वाचित ३ जना र १ जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक हुनेछन् । | |
| ३१<br>(क) : संस्थापक समुह "क" बाट जम्मा ६ जना संचालकहरु आपसी समझदारीबाट मनोनित हुनेछन् ।<br>(ख): समुह "ख" का सर्वसाधारण शेयरधनीबाट निवार्चित २ जना । | ३१<br>(क) : संस्थापक समुह "क" बाट जम्मा ५ जना संचालकहरु आपसी समझदारी / निर्वाचनबाट मनोनित हुनेछन् ।<br>(ख): समुह "ख" का सर्वसाधारण शेयरधनीबाट निवार्चित ३ जना । | नेपाल राष्ट्र बैंकको मिति २०६६/१२/९को निर्देशन अनुसार संस्थापक र सर्वसाधारण विच शेयर स्वामित्वमा भएको परिवर्तनको कारणले । |

साथै उल्लेखित प्रवन्धपत्र, नियमावलीमा संशोधन अभिलेख गराउने क्रममा कम्पनी रजिष्ट्रारको कार्यालयवाट र नेपाल राष्ट्र बैंकवाट कुनै थपघट हुने भएमा सम्पूर्ण कार्य सञ्चालक समितिले गर्न सक्ने गरी सम्पूर्ण अख्तियारी/अधिकार दिने निर्णय समेत पारित भयो ।

(ग) विविध ।

विविध शिर्षक अन्तर्गत छलफलका कुनै विषय नभएको जानकारी गराइयो ।

१०. धन्यवाद ज्ञापन:

छलफलका विषय तथा प्रस्तावहरु पारित तथा अनुमोदन भएको घोषणा अध्यक्षज्युले गर्दै सभामा उपस्थित शेयरधनी महानुभावहरु, सम्वन्धित निकायका प्रतिनिधिहरु, पत्रकारहरु, बैंकका कर्मचारी तथा पदाधिकारीहरु एवं यो साधारणसभा सफल गराउन आफ्नो अमूल्य समय दिई सहयोग गर्नु हुने सवैलाई धन्यवाद दिदै दोश्रो बार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

............................ ............................
श्री प्रचारमान सिंह प्रधान — अध्यक्ष
मदन कुमार महत — कम्पनी सचिव/प्रवन्धक

JYOTI BIKASH BANK LTD. KAMALADI, KATHMANDU

मिति: २०६६/१२/३१

ज्योति विकास बैंकको दोस्रो वार्षिक साधारण सभामा उपस्थित आदरणीय शेयरधनी महानुभावहरू, बैंक संचालक समितिका अध्यक्षज्यू, संचालकज्यूहरू, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड नेपाल लगायत ~~एकल पंक्ति~~ जस्ता संस्थाहरूबाट हाम्रो क्रियाकलापलाई विकास गर्न पाउनु भएका प्रदत्त नीतिनियमहरू, परामर्श मितहरू, आन्तरिक तथा बाह्य लेखा परीक्षकहरू लगायत विभिन्न क्षेत्र विशेष-बाट पाउनु भएका मितहरू तथा कर्मचारी वर्ग सबैमा बैंक व्यवस्थापन एवं यस दोस्रो वार्षिक साधारण सभाको आयोजकहरूको तर्फबाट म बैंकको प्रमुख कार्यकारी अधिकृत आनन्द प्रसाद रवताल नयाँ वर्ष २०६६ को शुभकामनासहित स्वागत अभिवादन प्रकट गर्दछु। शान्ति र उन्नति प्रगतिको

बैंकको प्रथम वार्षिक साधारण सभा सम्पन्न भएको ~~एक वर्ष~~ एघार महिना सौं दिन पछि पुन: हाम्रो दोस्रो वार्षिक सभामा उपस्थित भएका हुँदा, यहाँहरूलाई बैंकको यस प्रमुख समारोहमा स्वागत गर्न पाउँदा म आफूलाई गौरवान्वित महसुस गरि रहेको छु।

आजको यस कार्यक्रममा बैंकको ~~दीर्घकालीन~~ हितलाई सर्वोपरी राखी ~~[illegible]~~ आदरणीय शेयरधनी महानुभावहरूबाट प्राप्त हुने सल्लाह एवं सुझावलाई सदैव मार्गदर्शनको रूपमा अंगिकार गर्दै ~~बैंकको व्यवसायिक प्रतिबद्धता~~, हाम्रो त्रुटिहरू भएका भए पुन: निवेदन गर्न चाहन्छु।

अन्तमा हतपतमा छपाईका कारण हुन गएका गल्ती कमजोरी-हरू प्रति यहाँहरूको सकारात्मक र सहानुभूतिको अपेक्षा गर्दै ~~[illegible]~~ यस सभाको पूर्ण सफलताको लागि सबै सँग अनुरोध गर्दै [illegible]